मुख्यमन्त्री

गण्डकी प्रदेश
पोखरा,नेपाल

# अपांगता भएका व्यक्तिहरूको ३० औं अन्तर्राष्ट्रिय दिवसको शुभकामना

'Leadership and participation of persons with disabilities toward an inclusive, accessible and sustainable post-Covid 19 world' भन्ने अन्तर्राष्ट्रिय नारा र 'हाम्रो प्राथमिकताको आधार, अपांगता भएका व्यक्तिको अधिकार' भन्ने राष्ट्रिय नाराका साथ मनाउन लागिएको अपांगता भएका व्यक्तिहरुको ३० औ अन्तर्राष्ट्रिय दिवसका अवसरमा अपांगता भएका दाजुभाइ तथा दिदीबहिनी सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

कोभिड - १९ र त्यसपछि सिर्जित समस्याका कारण अपांगता भएका व्यक्तिहरुको दैनिक जीवन अत्यन्तै कठिनपूर्ण छ । यस्तो परिस्थितिमा स्वास्थ्य, शिक्षा र रोजगारी जस्ता आधारभूत विषयमा पहुँच बढाउन जरुरी छ । अपांगता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि २००६, नेपालको संविधान र अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ मा उल्लेखित अधिकार कार्यान्वयनका लागि प्रदेशस्तरमा बन्ने नीति, ऐन, नियम, कार्यक्रम तथा योजनामा अपांगता क्षेत्रको सहभागिताका गण्डकी सरकार प्रतिबद्ध छ ।

यस प्रदेशमा अपांगता भएका व्यक्तिहरुको अधिकार प्रवर्द्धनका लागि क्रमिकरुपमा काम भइरहेका छन् । अपांगताको सवाल कुनै खास मन्त्रालय वा कार्यालयको मात्र नभई विकासको एक प्रमुख र साझा (Cross-cutting issue) सवालका रुपमा स्वीकार गरी उनीहरुलाई विकासको मूलप्रवाहमा समावेश गराउन पहुँचयुक्त वातावरणको निर्माण गर्नु आजको प्रमुख आवश्यकता हो । गण्डकी प्रदेशमा अपांगता अधिकार सम्बन्धी नीतिको मस्यौदा भएर जारी हुने अन्तिम चरणमा रहेको म यस अवसरमा जानकारी गराउँछु ।

प्रदेशस्तरीय शिक्षा र स्वास्थ्य नीति निर्माण बनिसकेका छन् । शिक्षा, स्वास्थ्य तथा रोजगारीमा सबै प्रकारका अपांगता भएका व्यक्तिहरूको समान पहुँच स्थापित गर्न अपांगतामैत्री संरचना, अपांगता समावेशि नीति कानुन, पहुँचयुक्त सूचना प्रविधि, विशेष सामाजिक सुरक्षा, सामाजिक भेदभावबाट मुक्ति, निर्णय प्रक्रियामा अपांगता भएका व्यक्तिहरुको अर्थपूर्ण सहभागिता, राजनीतिक अधिकारको सुनिश्चितताका लागि सरकारले काम गर्दै आएको छ ।

मुख्यमन्त्री

गण्डकी प्रदेश
पोखरा,नेपाल

अपांगता भएका व्यक्तिहरुको विकासका सबै आयामहरुमा हुने समावेशीकरण र अर्थपूर्ण सहभागिताले मात्र उनीहरुको सवाल प्राथमिकतामा पर्ने र नीति, कानुन, ऐन अपांगता समावेशी हुन सक्ने विषयमा प्रदेश सरकारले विशेष ध्यान दिँदै आएको छ ।

अपांगताका सवालहरु प्रादेशिक नीति र योजना निर्माणमा प्रमुख सवालको रूपमा लिइनेछ । प्रदेश विकास परिषद् र प्रदेश समन्वय परिषद्का बैठकहरूमा छलफलका विषय बनाइनेछ । ऐन अनुसार गठन भएको प्रदेशस्तरीय अपांगता निर्देशन समितिलाई स्रोत र साधनयुक्त बनाई परिचालन गरिनेछ ।

पहुँचयुक्त तथा अपांगता समावेशी प्रदेश निर्माण गर्ने दायित्व तपाईं हामी सबैको हो । यसमा गण्डकी प्रदेश सरकार अपांगतामैत्री प्रदेश निर्माणको लागि आधार तयार गर्नेतर्फ उन्मुख हुनेछ भन्ने प्रतिबद्धता व्यक्त गर्दछु । प्रदेश सरकार मातहतका सबै सरोकारवालाहरुलाई अपांगताको सवालहरुप्रति थप सम्वेदनशील बन्नका लागि अनुरोध समेत गर्दछु । अपांगताको सवाल मानव अधिकार र विकासको सवाल हो । त्यसैले यो हामी सबैको साझा सरोकारको सवाल पनि हो । यस महत्वपूर्ण दिवसले यस क्षेत्रका सरोकारवाला, अपांगता भएका व्यक्तिहरु र उनीहरुका अभिभावक र सम्बन्धित सबैमा थप क्रियाशील बन्न उत्प्रेरणा मिलोस् भन्ने आशासहित हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद् ।

१७ मंसिर २०७८ (३ डिसेम्बर २०२१)

कृष्णचन्द्र नेपाली पोखरेल
मुख्यमन्त्री